**भारतीय राजदूतावास**
**काठमाडौं**
*******

## <u>प्रेस विज्ञप्ति</u>

## भारत सरकारको अनुदान सहयोगमा धादिङ जिल्लामा अवस्थित आदर्श बहुमुखी क्याम्पसको नवनिर्मित भवनको उद्घाटन

नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले धादिङ जिल्लाको गजुरी गाउँपालिकामा अवस्थित आदर्श बहुमुखी क्याम्पसका लागि निर्मित क्याम्पस भवनको मिति २०८० असार ११ गते उद्घाटन गर्नुभयो । उक्त उद्घाटन समारोहमा बागमती प्रदेशका माननीय मुख्यमन्त्री श्री शालिकराम जम्कट्टेल, माननीय संघीय संसद सदस्यहरु श्री राजेन्द्र प्रसाद पाण्डे तथा श्री रामनाथ अधिकारी र भारतीय राजदूतावासका प्रथम सचिव श्री करुण वंशल उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा समाजसेवी, राजनीतिक पार्टीका प्रतिनिधि, नेपाल सरकारका पदाधिकारी र स्थानीय समुदायका अगुवाहरुको पनि उपस्थिति थियो । यो क्याम्पस भवन भारत सरकारको नेरु ४ करोड १२ लाख अनुदान सहयोगमा निर्माण गरिएको हो ।

२. 'नेपाल-भारत विकास सहकार्य' कार्यक्रम अन्तर्गत उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा यस परियोजनाको निर्माण भएको हो । भारत सरकारको अनुदान सहयोगमा कक्षा कोठा, पुस्तकालय, बैठक कक्ष, कार्यालय कक्ष र विजुली तथा सरसफाईको सुविधा सहितको यो दुई तल्ले क्याम्पस भवनको निर्माण भएको हो । जिल्ला समन्वय समिति, धादिङले यस परियोजनाको कार्यान्वयन गरेको हो ।

३. उद्घाटन समारोहमा बोल्दै प्रधानमन्त्री दाहालले नेपालको पूर्वाधार विकासमा टेवा पुर्याउन भारत सरकारले गरेको सहयोगको सराहना गर्नुभयो । साथै वहाँले हालै भएको आफ्नो भारत भ्रमण ऐतिहासिक एवम् सफल भएको उल्लेख गर्दै सो भ्रमणले नेपालको आर्थिक विकासतर्फ थप कदम चाल्न मद्दत गरेको बताउनुभयो ।

४.	यस आदर्श बहुमुखी क्याम्पसको स्थापना सन् २००६ मा भएको हो । त्रिभुवन विश्वविद्यालयसँग आबद्ध यो क्याम्पसमा २३६ भन्दा बढी विद्यार्थी अध्ययनरत छन् जसमध्ये ८५ प्रतिशत छात्रा छन् । यस क्याम्पसमा अध्ययनरत अधिकांश विद्यार्थी धादिङ जिल्ला वरपरका १८ वटा गाउँमा बसोबास गर्ने विपन्न वर्गका रहेका छन् ।

५.	भारतले नेपालमा ५४४ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु अघि बढाइसकेको छ भने ४८० वटा परियोजनाहरु सम्पन्न गरिसकेको छ र बाँकी अन्य परियोजनाहरु निर्माण एवम् कार्यान्वयनका विभिन्न चरणमा रहेका छन् । यी परियोजनाहरुमध्ये धादिङ जिल्लाका ५ वटा परियोजना गरी बागमती प्रदेशमा १०५ वटा परियोजना रहेका छन् । धादिङ जिल्लाका ५ वटा परियोजनामध्ये २ वटा परियोजना निर्माणाधीन अवस्थामा रहेको छ । यसको अलावा भारत सरकारले नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी तथा शैक्षिक संस्थालाई ९४० वटा एम्बुलेन्स र १८४ वटा स्कुल बस उपहार स्वरुप प्रदान गरिसकेको छ । यी मध्ये सन् २०१८ मा यस क्याम्पसलाई प्रदान गरिएको एउटा स्कुल बस सहित धादिङलाई हालसम्म १४ वटा एम्बुलेन्स र २ वटा स्कुल बस उपलब्ध गराइएको छ ।

६.	यस परियोजनाले भारतको नेपालसँगको विकास साझेदारीलाई प्रतिबिम्बित गर्नुका साथै शिक्षाको क्षेत्रमा पूर्वाधार सुदृढ गर्ने नेपाल सरकारको प्रयासमा थप बल पुर्याएको छ ।

काठमाडौं

२०८० असार १२ गते

***